घोराही उप महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
वातावरण तथा विपद् व्यवस्थापन शाखा
घोराही दाङ
लुम्बिनी प्रदेश नेपाल

फोन फ्याक्स :०८२५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र :०८२५६०४९९
www.ghorahimun.gov.r

प. स :२०७९/०८०
च.नं. २१८६

मिति :२०७९/०९/११

श्री सबै वडा कार्यालयहरु
घोराही उप महानगरपालिका दाङ ।

विषय :वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन सम्वन्धमा ।

उपयुक्त सम्वन्धमा यस घोराही उप महानगरपालिकाको घोराही नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ को परिच्छेद ३ को दफा ७ '२' अनुसार वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरि सो समितिको विवरण वातावरण तथा विपद व्यवस्थापन शाखामा यथाशिघ्र पठाइ दिनुहुन अनुरोध छ ।

वोधार्थ

श्रीमान् नगर प्रमुख ज्यू –घोराही उपमहानगरपालिका ।

श्री सूचना प्रविधि शाखा –Website मा राखिदिनु हुन ।

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद- ३

## वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**७. वडास्तरीय विपद् व्यवस्थापन समिति :**

(१) उप-महानगरपालिकाको प्रत्येक वडामा एक वडास्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) वडा अध्यक्ष- संयोजक

(ख) वडा सदस्यहरू- सदस्य

(ग) वडाभित्र रहेका विषयगत शाखा/ईकाईका प्रमुखहरू- सदस्य

(घ) वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरू- सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि- सदस्य

(च) स्थानीय रेडक्रस- सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट अध्यक्षले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना- सदस्य

(ज) वडा सचिव- सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा